मे १५, २०२०

प्रिय कोलम्बस सिटी स्कूल परिवारहरू,

राज्यले दिएको आदेश अनुसार प्रि-के देखि १२ कक्षा सम्मका सबै स्कूल भवनहरू बन्द गर्ने भएकाले मार्च १३ तारिक भवनमा छोडिएका आफ्ना सामानहरू सुरक्षित रूपमा वापस लिने अनुमति दिन कोलम्बस सिटी स्कूलले परिवार र विद्यार्थीहरूलाई योजना बनाएको छ।

यो प्रक्रिया मंगलबार, मे २६ देखि शुक्रबार, मे २९ तारिक सम्म चल्नेछ।

हाम्रो प्राथमिकता तँपाईलाई स्वस्थ र सुरक्षित राख्नु हो। **विद्यार्थी र अभिभावकहरूलाई भवनहरू भित्र प्रवेश गर्नकालागि अनुमति दिइने छैन।** हाम्रा सार्वजनिक स्वास्थ्य अधिकारीहरू र सिसिएस स्वास्थ्य सेवा निर्देशकहरूका निर्देशनलाई मान्यता राख्दै हामीले परिवार र विद्यार्थीहरूलाई दराज, डेस्क र लाकरहरूमा राखिएका कुनै पनि सामानहरू पुनः प्राप्त गर्न अनुमति दिन धेरै सावधानीहरू अपनाएका छौं।

व्यक्तिहरू बीचको अन्तरक्रिया न्यूनीकरण गर्न सबै स्कूलहरूले परिवार र विद्यार्थीहरूलाई आफ्नो व्यक्तिगत सामान कर्बसाइडबाट लिने ब्यावस्था गरिनेछ। सामानहरू झोलामा हाली विद्यार्थीको नामको  ट्याग लगाईनेछ  र तँपाईको गाडीमा कर्बसाइडमा उपलब्ध गराईनेछ। विद्यार्थीहरू र परिवारहरूलाई सामग्रीहरू उठाउँदा मास्क लगाउन प्रोत्साहित गरिन्छ।
विद्यार्थीहरूले कुनै पनि स्कूलका उपकरणहरू जस्तै पाठ्य पुस्तकहरू, उपकरणहरू, पोषकहरू र वर्षको समयमा प्रयोग गरिएका अन्य स्कूलका सामग्रीहरू यस समय स्कूलमा छोड्न वा फर्काउन सक्छन्। परिवारहरूलाई ऋणमा दिएका क्रोमबुकहरू वा हटस्पटका उपकरणहरू २०२०-२०२१ स्कूल वर्षको सुरू सम्म फर्काउन आवश्यक पर्दैन।

तँपाईका विद्यार्थीको भवन प्रिन्सिपलले एउटा सामान लिने र बुझाउने कार्यक्रम सहित तँपाईलाई यस प्रक्रियामा बिशेष विवरणका साथ सम्पर्क गर्नेछन्। सुरक्षित सामाजिक दूरीको अभ्यास गर्दा कृपया स्कूलको समय तालिका अनुसार पालना गरि सामानहरू लिनुहोस्। तँपाईले आफ्नो बच्चाका सबै सामान लिइसके पछि हामी तँपाईलाई भवनबाट बाहिर निस्कन अनुरोध गर्दछौं। त्यस हप्ता थप सहयोग प्रदान गर्नकालागि जिल्लाका सुरक्षा र सुरक्षाकर्मीहरू हुनेछन्।

तँपाईका बच्चाको शिक्षामा साझेदार भएकोमा र तँपाईको धैर्यताकालागि धन्यवाद दिन्छौं अनि जब समम हामी यो अभूतपूर्व कोभिट-१९ (COVID-19)को महामारीमा सुचना प्रवाह जारी राख्नेछौं।

भवदीय,

Talisa L. Dixon

डा. तालिसा डिक्सन (Dr. Talisa Dixon)

सुपरिटेन्डेन्ट/सिईओ, कोलम्बस सिटी स्कूल

(Superintendent/CEO, Columbus City Schools)